# स्वर्गीय प्रह्लादकुमार अग्रवालको जीवनीमा आधारित पुस्तक सार्वजनिक

■ दीपेश पछाई

भैरहवा भदौ ६ । लामो समयदेखि भैरहवामा रहेर उद्योग व्यवसायमा संलग्न अग्रवार परिवारका सदस्य स्वर्गीय प्रह्लादकुमार अग्रवालको प्रेरणादायी जीवनीमा आधारित स्मृति ग्रन्थ पुस्तक सार्वजनिक गरिएको छ।

दुई दशकअघि देहवसान भएका स्वर्गीय प्रह्लादकुमार अग्रवालको व्यक्तित्व, जीवनी, उद्योग-व्यापारका क्षेत्रमा गरेका प्रयास तथा सामाजिक योगदान लगायतका विषयहरु समेटिएर तयार पारिएको 'सरलताका आदर्श स्वर्गीय प्रह्लादकुमार अग्रवाल' नामक पुस्तक बिहीबार सार्वजनिक गरिएको छ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, पूर्वगृहमन्त्री बालकृष्ण खाँण, स्व.अग्रवालका सुपुत्र तथा मुलुककै सफल युवा उद्योगी राजेशकुमार अग्रवालले पुस्तक विमोचन गरेका हुन् । विमोचन समारोहलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्योगपति तथा समाजसेवी स्व.प्रल्हादकुमार अग्रवालको स्मृति ग्रन्थ व्यवसायीहरुका लागि प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गरे।

'प्रल्हादकुमार अग्रवाल र उनको परिवार तथा सिंगो व्यवसायी समुदायप्रति प्रदेश सरकारको तर्फबाट उच्च सम्मान व्यक्त गर्दछु,'मुख्यमन्त्री आर्चायले भने,'बुवा र हजुरबुवाले थालनी गरेका कार्यलाई अझ विकसित रुपमा अगाडि बढाउन सफलता प्राप्त होस् भन्ने कामना गर्दछु।'

भैरहवा औद्योगिक क्षेत्रलाई औद्योगिक केन्द्रका रुपमा स्थापित गर्न अग्रवालले खेलेको भूमिकाको उच्च प्रशंसा गर्दै मुख्यमन्त्री आचार्यले उनको जीवनपद्धति यथार्थमै सरलताको आदर्श भएको बताए । उनले देशको समृद्धि कृषि, पर्यटन, जलस्रोत, ऊर्जा र औद्योगिक विकासमा आधारित हुने स्पष्ट दृष्टिकोण राख्दै राज्य, निजी क्षेत्र र सरोकारवालाको साझा प्रयास आवश्यक हुने उल्लेख गरे।

कार्यक्रममा 'सरलताका आदर्श प्रह्लादकुमार अग्रवाल' पुस्तकको विमोचन समारोहमा विभिन्न वक्ताले स्व.अग्रवालको बहुपक्षीय योगदानको बारेमा चर्चा गरे।

अत्यन्तै सरल र सहयोगी भावका भैरहवाका उद्यमी-व्यवसायी प्रह्लादकुमारको २०६१ भदौ ४ गते हृदयघातबाट मृत्यु भएको थियो । उक्तदिन बाल दिवसका अवसरमा आयोजित समारोहमा बोल्दै गरेको अवस्थामा हृदयघात भएको थियो । ५४ वर्षको उमेरमै प्रह्लादले जीवन गुमाउनु राष्ट्रकै लागि क्षति भएको मुख्यमन्त्री आचार्यले बताए।

स्व.प्रह्लाद अग्रवाललाई आम भैरहवावासीले उद्योगीव्यवसायीका साथसाथै मिलनसार, सहयोगीको साथमा दयावान व्यक्तित्वको रुपमा चिन्ने गर्छन् । स्व.अग्रवालले भैरहवा क्षेत्रको शैक्षिक, धार्मिक, स्वास्थ्यलगायतका क्षेत्रमा लगानी गरेर ठूलो योगदान पुऱ्याएका थिए । पूर्वगृहमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँणले स्व.अग्रवाल जीवनको छोटो कार्यकालमैं समाजिक क्षेत्रमा समेत महत्वपूर्ण कार्यसम्पादन गर्न सफल व्यक्तित्व भएको बताए । भैरहवाको अग्रवाल घराना परिवारले नेपालको आर्थिक बिकासमा ठूलो योगदान पुऱ्याएको भन्दै खाँणले स्व. अग्रवालको बारेमा तयार पारिएको उक्त पुस्तक अग्रवाल परिवारका लागि मात्रै नभएर नेपालको सामाजिक र आर्थिक क्षेत्रमा दस्तावेजको रुपमा रहने जनाए। विमोचित पुस्तक हिजोको भैरहवा र आजको भैरहवाका लागि इतिहास भएको भन्दै आज भैरहवाका लागि पनि ऐतिहासिक दिन बनेको बताए । लुम्बिनी प्रदेशका युवा तथा खेलकुद मन्त्री सन्तोषकुमार पाण्डेयले स्व.अग्रवालले भैरहवा क्षेत्रको शिक्षा, स्वास्थ्यलगायतका सामाजिक क्षेत्रमा देखाएको योगदान अविष्मरणीय रहेको बताए।

सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इश्तियाक अहमद खाँले सामाजिक व्यक्तित्व, इमान्दारिता र सहयोगीको अर्को नाम स्व.प्रह्लादकुमार अग्रवाल भएको बताए । स्व.अग्रवालको बारेमा तयार पारिएको उक्त पुस्तक पढेर अनुशरण गर्न उनले सबैलाई आग्रह गरे।




स्व.आफ्नो बुवाको बारेमा प्रकाश पार्दै छोरा राजेशले बुवाले देखाएको बाटोलाई पछ्याउँदै अघि बढेको बताए। 'बुवाले समाज र देशप्रति देखाउनुभएको भावनालाई यस पुस्तकमा समेट्ने प्रयास गरिएको छ', राजेशले भने,'बुवाकै सामाजिक कार्यको स्मरण र देखाउनुभएको पदचापलाई पछ्याउँदै हामी यहाँसम्म आइपुगेका छौं ।' बुवाको इज्जत र विश्वासलाई कायम राख्दै आगामी दिनमा आफ्नो व्यवसायिक तथा समाजिक यात्रा अझ जिम्मेवारी बोधका साथ अघि बढाउने प्रतिबद्धता उनले व्यक्त गरे । स्व.बुवा प्रल्हादकुमार अग्रवालले देखाएका मार्गदर्शन, परिवारमा छाडेर गएको स्मृति, सिकाएका समाजप्रतिका उत्तरदायित्वहरुलाई स्मरण गर्दै आज आफ्नो परिवार यहाँसम्म आइपुगेका बताए।

उनले स्व.बुवाले आफूलाई समेत जानकारी नदिएर गरेको सतकर्मबारे उल्लेख गर्दै नयाँ पुस्ताका लागि पनि प्रकाशित ग्रन्थले मद्दत पुग्ने विश्वास व्यक्त गरे। ९० वर्ष भैरहवामा बसाइसहितको पारिवारिक व्यवसायिक इतिहासबारे पनि उनले उल्लेख गरे । उनले आफ्नो श्रीमती बेनु अग्रवाल, छोरा सोमेश अग्रवाल, बुहारी श्रद्धा अग्रवाल र अन्तर्वार्ताकार रामप्रसाद भट्टराईको सहयोगमा स्व.बुवाको स्मृति ग्रन्थ तयार भएको जनाए।

स्व.अग्रवालका भाइ बृजेशकुमार अग्रवालले दाजु प्रह्लादसँग कुनै पनि कुरामा हुँदैन वा 'नो' भन्ने शब्द नै नरहेको र सहयोगको अपेक्षा गरेर आउने जो कोहीलाई पनि खाली हात नफर्काउने गरेको बताए । स्व.अग्रवालकी छोराबुहारी बेनु अग्रवालले बुहारीलाई छोरीकै रुपमा मानेर समान व्यवहार गर्ने र समाजप्रतिको आफ्नो दायित्वमा कहिल्यै पछि नहट्ने समर्पित व्यक्तित्व भएको बताइन्।

धर्मपत्नी स्नेहलता अग्रवाल, अग्रज पत्रकार तथा साथी दिलीप भट्टराई, साथी अर्जुनजंग राणालगायतले स्व.अग्रवालको व्यक्तित्वलगायतका बिषयमा साथीभाइसँगको अनुभूति समेटिएको छ।

# तीजगीत प्रतियोगितामा संगम आमा समूह प्रथम



कपिलवस्तु, भदौ ६ (मेसस) । राष्ट्रिय दलित पत्रकार संघ कपिलवस्तुद्वारा आयोजित खुला तीजगीत प्रतियोगिता तथा बृहत् सांस्कृतिक कार्यक्रम विजयनगर गाउँपालिका-६ प्रेमनगरमा सम्पन्न भएको छ । कार्यक्रमको गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापा मगरले उद्घाटन गरे । बिहीबार आयोजना गरिएको प्रतियोगितामा संगम आमा समूह विजय नगर-३ त्रीपाल नगरले प्रथम स्थान हासिल गर्न सफल भएको छ भने नवदुर्गा आमा समूह विजयनगर-१ द्वितीय, हरिबोध माध्यमिक विद्यालय विजय नगर-६ तृतीय , लाली गुँरास समूह सान्त्वना प्रतियगी बनेका छन् भने भुवनेश्वर माध्यमिक विद्यालयले पाँचौं स्थान हासिल गरेको थियो।

प्रतियोगितामा प्रथमलाई १० हजार, द्वितीयलाई ६ हजार, तृतीयलाई ४ हजार, सान्त्वना हुनेलाई २ हजार र पाँचौंलाई प्रोत्साहनस्वरूप १ हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रममा विजयनगर गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीकुमारी चौधरीले समाजमा रहेका, घटेका घटनालाई समेटेर गीत गाउनुपर्ने बताइन्। साथै उनले तीजगीत महिलाहरूको पर्व संर्घषको पर्व भएकोले यसलाई अवसरका रूपमा लिन सुझाइन्।

त्यस्तै महिला नेत्री एवं अधिकारकर्मी मिना परियारले तीजलाई भड्किलो नबनाई तीज पर्वको मौलिक सांस्कृतिक स्थापित गर्न र सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरेकोमा आयोजकलाई धन्यवाद दिइन्। शाखा अध्यक्ष बम्भु विकले कार्यक्रममा सहभागी भई सहयोग गरेकोमा सम्पूर्णलाई धन्यवाद ज्ञापन गरे। विभिन्न संघसंस्थाका पदाधिकारी, शुभेच्छुक, समाजसेवीलगायतको सहभागता रहेको उक्त कार्यक्रम शाखा उपाध्यक्ष दिपिका सुनारको स्वागत तथा सचिव सागर विकको सञ्चालनमा सम्पन्न भएको थियो।


## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का LBF

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही

फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।


## प्रकाशित मिति २०८२ साल भदौ महिना ७ गते शनिबार कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचनाको भूल सुधार सम्बन्धमा

मिति २०८२/०५/०६ को मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा यस विकास बैंकबाट प्रकाशित गरिएको कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचनाको

**१ नं. को व्यक्तिगत धनजमानीकर्ताहरुको विवरणको २ नं. मा**

लाल बहादुर कालाको छोरी मिन बहादुर पुनको बुहारी ओम बहादुर पुनको पत्नी गुल्मी जिल्ला जुनिया वडा नं. ५ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२ बस्ने दोमती पुन (ना.प्र.नं. : ४११०४८/१०९५६६, जारी मिति र जिल्ला : २०६९/०६/२१, गुल्मी) तथा

**२ नं. को व्यक्तिगत धनजमानीकर्ताहरुको विवरणको २ नं. मा**

अमृत पुरीको छोरी वेगम खत्रीको बुहारी ज्ञाम बहादुर खत्रीको पत्नी प्युठान जिल्ला डामृ गा.वि.स. वडा नं. ६ हाल, बुटवल उ.म.न.पा. वडा नं. ६ बस्ने **पदमा पुरी खत्री** (ना.प्र.नं. : ५३३००८-९९८, जारी मिति र जिल्ला : २०६३/११/०५, प्युठान)

हुनु पर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## हाम्रो जागृति सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि.

तिलोत्तमा न.पा.-२, योगीकुटी, रुपन्देही

### छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०८२/०५/०५ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको छैठौं नियमित साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई उपस्थित भईदिनुहुन सादर अनुरोध गर्दछौं । उक्त साधारण सभामा देहायका बिषयहरुमा छलफल हुने व्यहोरा अनुरोध छ ।

मिति : २०८२।०६।०६ गते सोमबार ।
समय : बिहान १०:३० बजे देखि औपचारिक कार्यक्रम शुरु हुनेछ ।
स्थान : शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र (वनवाटिका ) तिलोत्तमा-२, रुपन्देही ।

**प्रस्तावहरू :**

१. अध्यक्षद्वारा संस्थाको बार्षिक निती तथा कार्यक्रम सहितको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
२. आ.व २०८१/०८२ को लेखा सुपरीवेक्षण समितिको बार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
३. आ.व २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. आ.व २०८२/२०८३ को वार्षिक आय व्यय (बजेट) सहित कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
५. लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
६. साधारण सभाको माइन्यूटमा हस्ताक्षर गर्ने प्रतिनिधि सम्बन्धमा ।
७. विविध

**नोट :**

१. साधारण सभामा संस्थाको परीचय पत्रसहित उपस्थित हुने शेयर सदस्यलाई यातायात खर्च उपलब्ध गराईनेछ ।
२. शेयर लाभांश र संरक्षीत पुजी कोषको रकम शेयर सदस्यको खातामा जम्मा गरीनेछ ।
३. उक्त दिन शेयर सदस्यको उपस्थिती र यातायात खर्च वितरण कार्य विहान ९:०० वजेदेखि कार्यक्रम स्थलबाट शुरु गरिनेछ ।
४. साधारण सभा हुनु अगावै भाका नाघेको ऋण तथा व्याज रकम बुझाउनु हुन अनुरोध छ ।
५. २०८१ सालमा सामुदायीक तथा संस्थागत विद्यालयबाट कक्षा १२ को राष्ट्रिय परीक्षाबोर्डको परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १/१ जना छात्र छात्रा र पि.एच.डी. को उपाधी प्राप्त गर्नु भएको तथा राष्ट्रिय उपाधी प्राप्त गर्नु भएको शेयर सदस्य वा शेयर सदस्यका सन्ततीलाई साधारण सभामा सम्मान गर्ने कार्यक्रम रहेकोले मिति २०८२/०५/२५ गतेभित्र ट्रान्सक्रिप्ट सहितको प्रमाण राखी निवेदन दिनुहोला ।

सम्पर्क नं ९८५७०७७८८४, ०७१-४३७७४०, ०७१-४३७८८४

राम प्रसाद शर्मा
सचिव

## श्री मालिका भगवती सामुदायिक वन उपभोक्ता समूह

जोरायल गा.पा.-६, गावर, डोटी

### काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०७

जोरायल गापा-६, डोटीमा रहेको यस मालिका भगवती सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्ड जोरायल गा.पा.-५, गावर, डोटीमा घाटगद्दी गरि राखिएको ए ग्रेडको सल्ला जातको गोलिया थान ११६ को परिमाण २३५२.११ क्यु फिट, बि ग्रेडको सल्ला जातको गोलिया थान ७० को परिमाण ७३५.९४ क्यु फिट, ए ग्रेडको साल जातको गोलिया थान १५ को परिमाण २२४.४६ क्यु फिट, बि ग्रेडको साल जातको गोलिया थान २८ को परिमाण २४५.२० क्यु फिट, सि ग्रेडको साल जातको गोलिया थान २४ को परिमाण १२४.७२ क्यु फिट, ए ग्रेडको अस्ना जातको गोलिया थान ७ को परिमाण १४९.०२ क्यु फिट, बि ग्रेडको अस्ना जातको गोलिया थान ४ को परिमाण ३३.०६ क्यु फिट, जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।

## श्री सैधारा सामुदायिक वन उपभोक्ता समूह

जोरायल गा.पा.-६, तितौले, डोटी

### काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०७

जोरायल गापा-६, डोटीमा रहेको यस सैधारा सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्ड जोरायल गा.पा.-६, तितौले, डोटीमा घाटगद्दी गरि राखिएको ए ग्रेडको खोटे सल्ला जातको गोलिया थान ३८ को परिमाण ५४२.३३ क्यु फिट, बि ग्रेडको खोटे सल्ला जातको गोलिया थान ६८ को परिमाण ५५९.७२ क्यु फिट, बि ग्रेडको साल जातको गोलिया थान २० को परिमाण १९२.४४ क्यु फिट, सि ग्रेडको साल जातको गोलिया थान ३४ को परिमाण १७८.४५ क्यु फिट, ए ग्रेडको अस्ना जातको गोलिया थान २ को परिमाण २९.३७ क्यु फिट, सि ग्रेडको अस्ना जातको गोलिया थान २ को परिमाण ८.५१ क्यु फिट, बि ग्रेडको जामुन जातको गोलिया थान २ को परिमाण १६.१० क्यु फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।


## प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श

पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार

डा. सन्तोष गौतम
वरिष्ठ आयुर्वेद चिकित्सक
२० वर्ष अनुभवी

डा. प्रिती ज्ञवाली
आयुर्वेद चिकित्सक

महिलाहरुका लागि दक्ष महिला डाक्टरद्वारा परिक्षण

दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श

यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि , शिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श

अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक एसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श

माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२


## डिभिजन सडक कार्यालय, शिवपुर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०५/०७

डिभिजन सडक कार्यालय शिवपुरको २०८२/०३/३२ मितिमा आर्थिक दैनिकमा प्रकाशित सूचनाअनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रहरु स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)को प्रयोजनार्थ बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Bid Notice No. | Contract No | Description of works | Name of Successful Bidder | Bid Amount. NRS (Excluding PS & VAT) |
|---|---|---|---|---|---|
| 1 | | RDSPR/3373101134/082/83/01 | Reactive Maintenance Works on Hulaki Highway (NH 05) Kothikhola-Taulihawa-Rajpur Section (Ch. 583+750~614+000), Kapilvastu, RDSPR/3373101134/082/83/01 | M/s Blue Builders Construction Pvt. Ltd, Gaidahawa, Rupandehi | 46,78,981.69 |
| 2 | 01/RDSPR /082/83 | RDSPR/3373101134/082/83/02 | Reactive Maintenance Works on Chandrauta – Krishnanagar Road, Kapilvastu, RDSPR/3373101134/082/83/02 | M/s Shishir Barsha Construction Private Limited, Ramapur Sainamaina Rupandehi | 25,50,779.40 |
| 3 | | RDSPR/3373101134/082/83/04 | Reactive Maintenance Works at Dahakhola to Sandhikharka Section (CH 58+500-68+000), along Gorusinge-Sandhikharka Road, Arghakhanchi RDSPR/3373101134/082/83/04 | M/s Blue Builders Construction Pvt. Ltd, Gaidahawa, Rupandehi | 43,48,651.50 |

डिभिजन प्रमुख